बैठक संख्या - ३३

आज मिति २०७६ चैत्र २२ गते यस उत्तरगया गाउँपालिकाका अध्यक्ष श्री उपेन्द्र लम्साल ज्यूको अध्यक्षतामा तपशिलका कार्यपालिकाका सदस्यहरुको उपलस्थीमा बैठक बसी तपशिलका प्रस्तावहरुमा छलफल तथा निर्णयहरु सर्वसम्मतीबाट पारित गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| १. श्री उपेन्द्र लम्साल | अध्यक्ष | |
| २. श्री चमेली गुरुङ | उपाध्यक्ष | |
| ३. श्री बम ब. तामाङ | सदस्य | |
| ४. श्री खुवा ब. गुरुङ | सदस्य | |
| ५. श्री लाल ब. तामाङ लामा | सदस्य | |
| ६. श्री केशर ब. बुलुन | सदस्य | |
| ७. श्री इश्वर थापा | सदस्य | |
| ८. श्री सिता भट्ट | सदस्य | |
| ९ श्री विन्दा रैला | सदस्य | |
| १०. श्री तिर्थ ब. घले | सदस्य | |
| ११. श्री ज्ञानु वि.क | सदस्य | ज्ञानु |
| १२. श्री कृष्ण कुमारी नेपाली | सदस्य | |
| १३. श्री शान्ता कुमारी गलान | सदस्य | शान्ता |
| १४ श्री अर्जुन खड्का | सदस्य सचिव | |

Scanned by CamScanner

प्रस्तावहरु

१. असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरु लाई उपलब्ध गराइने राहत सम्बन्धी उत्तरगया गाउँपालिकाको मापदण्ड, २०७६ सम्बन्धमा

२. यस गा.पा को एम्बुलेन्स सञ्चालन गर्ने सम्बन्धी कार्य विधि, २०७६ तर्जुमा गर्ने सम्बन्धमा ।

३. आ.व. २०७७।०७८ को प्रदेश विशेष अनुदान तर्फको योजना/कार्यक्रम छनौट गरी प्रस्ताव पठाउने सम्बन्धमा ।

निर्णयहरु:

१.प्रस्ताव नं. १ माथि छलफल गर्दा संघिय मामिला तथा समान्य प्रशासन मान्त्रालयको च.न. ४३९ मिति २०७६।१२।१९ को राहत सम्बन्धी प्राप्त पत्र उपर छलफल गर्दा यस गा.पा. अन्तर्गत असंगठीत क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहाय तथा विस्थापितहरुलाई उपलब्ध गराईने राहत सम्बन्धी मापदण्ड २०७६ पारीत गरियो र सोही मापदण्ड बमोजिम राहत सामाग्रीहरु उपलब्ध गराउने निर्णय गरियो । ("विस्थापित" भन्नाले २०७२ सालको भुकम्पबाट विस्थापितलाई सम्झनु पर्दछ ।)

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गाउँपालिकामा रहेको एम्बुलेन्सलाई सञ्चालन र व्यवस्थापन गर्नलाई एम्बुलेन्स सञ्चालन सम्बन्धी कार्यविधि, २०७६ सर्वसम्मतीबाट पारित गरियो ।

एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन कोषको तत्काल व्यवस्थापन गर्न उक्त कोषमा गाउँपालिकाको विपत व्यवस्थापन कोषमा रहेको रकम बाट रु. १,००,०००।–(अक्षेरुपी एकलाख मात्र) रकमान्तर गरि खाता सञ्चालन गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा आ.व. २०७७।०७८ को प्रदेश विशेष अनुदान तर्फको तपशिल बमोजिमका योजना/कार्यक्रमहरुलाई प्रस्ताव गरी पठाउने निर्णय गरियो ।

तपशिल :

१. १ नं. वडा कार्यालयको प्रशासकीय भवन ।
२. ३ नं. वडा कार्यालयको प्रशासकीय भवन ।
३. ४ नं. वडा कार्यालयको प्रशासकीय भवन ।
४. ५ नं. वडा कार्यालयको प्रशासकीय भवन ।
५. कालिका सामुदायिक भवन ।
६. चिप्लेटी ढुङ्गा श्रीदेवी पर्यटकीय क्षेत्र विकास तथा संरक्षण ।
७.पूर्वाधार सम्पन्न सहितको पालिका स्तरिय अस्पताल भवन ।
८.साउनेखोला गल्छी नियन्त्रण वडा न. ५
९. नौविसे नयाँवस्ती खानेपानी आयोजना

उपेन्द्र लम्साल
अध्यक्ष

Scanned by CamScanner